# प्रथम अध्यक्षता र भेट गर्ने शिक्षिकाको सन्देश, जानवरी २०१३
# प्रथम अध्यक्षताको सन्देश, जानवरी २०१३

# परमप्रभुको आवाज


## अध्यक्ष हेनरी बी. आइरिङ्द्वारा
### प्रथम अध्यक्षतामा पहिलो सल्लाहकार


हरेक ठाउँका सबै मानिसलाई परमप्रभु येशू खीष्टको वचन सुन्न सिद्धान्त र करारले आमन्त्रण गर्छ (हेर्नुहोस् सि र क १:२,४,११,३४; २५:१६) । यो उहाँका सन्देशहरू, चेतावनीहरू र छनोट गरिएका अगमवक्ताहरूको प्रकाशद्वारा दिइएका प्रोत्साहित गर्ने उपदेशहरूले भरिएको छ । यी प्रकाशहरूमा निर्देशन, शान्ति र चेतावनीका सन्देशहरू सहित परमेश्वरले कसरी हाम्रा प्रार्थनाहरूको जवाफ दिन सक्नुहुन्छ भनेर हामी देख्न सक्छौं ।

हाम्रा प्रार्थनाहरूमा हामी परमेश्वरले हामीलाई के गरून् भन्ने चाहनुहुन्छ, यो र अर्को जीवनमा शान्ति र खुशी प्राप्त गर्न हामीले के गर्नुपर्छ, अनि हाम्रा अगाडि के छ भन्ने कुराको खोजी गर्छौं । सिद्धान्त र करार साधारण मानिसहरू र अगमवक्ताहरूले विनम्र प्रार्थनामा सोधेका यस्ता प्रश्नहरूको उत्तरले भरिपूर्ण छ । हाम्रो भौतिक सुख र अनन्त मुक्तिका बारेमा कसरी जवाफ प्राप्त गर्ने भन्ने कुरा सिकाउन यो हाम्रा लागि बहुमूल्य निर्देशन हुनसक्छ ।

परमप्रभु येशू खीष्टमा विनम्रता र आस्था साँचा हुन् । मरमनको पुस्तकको अनुवादमा सहयोग गर्ने उहाँको इच्छाका बारेमा ओलिभर काउड्ले जवाफ प्राप्त गर्नुभयो: "सम्झिय कि आस्थाबिना तिमी कुनैपनि काम गर्न सक्दैनौ; त्यसैले आस्था सहित माग । यी कुराहरूलाई हलुका तरिकाले नलिय; तिमीलाई अनावश्यक चीज नमाग" (सि र क ८:१०) । उहाँले उहाँको सहयोग दिनु अगाडि परमप्रभुलाई आस्था र विनम्रता चाहिएको कुरा पटक पटक सिद्धान्त र करारमा छ । यसको एक कारण उहाँको जवाफ हामीले चाहेको तरिकाले नआउन सक्छ । न त तिनीहरू सधैं सजिलै स्वीकार गर्न सक्ने हुनेछन् ।

चर्चको इतिहास र हाम्रा पूर्खाहरूका अनुभवहरूले यो वास्तविकतालाई चित्रण गर्छन् । १८५५ मा मेरा बुढा-हजुरबुबा हेनरी आइरिङ्ले पुनरुस्थापित् सुसमाचार सुनेपछि उहाँले के गर्नुपर्छ भनेर उत्सुक हुँदै प्रार्थना गर्नुभयो । सपनामा जवाफ आयो ।

उहाँले आफू बाह्र प्रेरितका एल्डर इरास्टस् स्नो र विलियम ब्राउन नामका एल्डरसँग बसेको सपना देख्नुभयो । एल्डर स्नोले एक घण्टा जसो समयमा सुसमाचारका सिद्धान्तहरू पढाउनुभयो । त्यसपछि एल्डर स्नोले भन्नुभयो, "येशू खीष्टको नाममा म तपाईंलाई बप्तिस्मा लिने आज्ञा दिन्छु र यी व्यक्ति (एल्डर ब्राउन)ले ... तपाईंलाई बप्तिस्मा दिनुहुनेछ ।"१ मेरो परिवार कृतज्ञ छ कि हेनरी आइरिङसँग विहानको ७:३० मा वर्षाको पानीको पोखरीमा सेन्ट लुइस मिसूरी यू.एस्.ए.मा एल्डर ब्राउनद्वारा बप्तिस्मा लिने आस्था र विनम्रता थियो ।

परमप्रभुबाट उहाँको प्रार्थनाको जवाफ एक सुन्न सकिने आवाजमा आएन । यो लहीलाई आए जस्तै गरी दर्शन र रातीको सपनाका रूपमा आयो । (हेर्नुहोस् १ नफी ८:२) ।

परमप्रभुले हामीलाई जवाफहरू विचारहरूका रूपमा पनि आउन सक्छन् भनेर सिकाउनुभएको छ । सिद्धान्त र करारमा उहाँले ओलिभर काउड्रीलाई सिकाउनुभयो, "हेर, मैले तिमीलाई पवित्र आत्माको माध्यमद्वारा जुन तिमीलाई हुनेछन् र जुन तिम्रो हृदयमा बस्नेछन् तिनका बारेमा तिम्रो मष्तिस्क अनि तिम्रो हृदयमा भन्नेछु" (सि र क ८:२) ।

अनि उहाँले ओलिभरलाई यसरी प्रोत्साहन गर्नुभयो: "यी कुराहरूका बारेमा मैले तिम्रो मष्तिस्कमा शान्ति दिइन? त्यो भन्दा बढी तिमीले परमेश्वरबाट के साक्षी पाउन सक्छौं?" (सि र क ६:२३) ।

सिद्धान्त र करार, चर्चको इतिहास अनि हेनरी आइरिङ उहाँको बप्तिस्माको लगत्तै पछिको उहाँको धर्मप्रचार सेवामा उहाँले राख्नुभएको इतिहासले जवाफ चेतावनी तथा शान्तिका रूपमा हुन सक्छ भनेर सिकायो ।

अप्रिल १८५७ मा, बाह्र प्रेरित गणका एल्डर पार्ली पी. प्राटले यू.एस्.ए.को अहिलेको ओक्लाहोमा भनिने स्थानमा एक सम्मेलनमा सहभागी हुनुभयो । हेनरी आइरिङले अभिलेख राख्नुभयो कि एल्डर प्राटको मष्तिस्क भविष्यका बारेमा निर्णय गर्नै नसकिने वा कुनै पनि तरिकाले निकास ननिस्किने .... उदास चेतावनीहरूले भरिएको थियो ।२ हेनरीले तत्कालै प्रेरितको शहादतको पश्चात्त दुःखद घटनाको अभिलेख राखे । खतराका बावजुत पनि एल्डर प्राट अगमवक्ता जोसेफ स्मिथ कार्थेजमा गए जस्तै गरी उहाँको गन्तव्यमा जानुभयो ।

यो मेरो गवाही छ कि परमप्रभुले सधै आस्थाका विनम्र प्रार्थनाहरूको जवाफ दिनुहुन्छ । तिनीहरू निर्देशन या सत्यको प्रमाणीकरण वा एक चेतावनी जे भए तापनि ति जवाफहरूलाई चिन्न र आस्थासहित तिनीहरूलाई स्वीकार गर्ने कुरा सिद्धान्त र करार अनि हाम्रा व्यक्तिगत अनुभवहरूले हामीलाई सिकाउँछन् । म प्रार्थना गर्छु कि हामीले सधैं परमप्रभुको

प्रिय आवाजलाई सुन्न र चिन्न सकौं ।

**सूचीहरू**


१. "The Journal of Henry Eyring: 1835–1902" (अप्रकाशित पाण्डुलिपि सर्वाधिकार लेखकमा निहित)

२. "The Journal of Henry Eyring: 1835–1902"


## यो सन्देशबाट सिकाउने

१. यो सन्देशमा भएको प्रार्थना बारेको अनुच्छेद सँगै पढ्ने कुरालाई विचार गर्नुहोस् । जसै तपाईंले पढ्नुहुनेछ परिवारका सदस्यहरूलाई परमेश्वरले प्रार्थनाको जवाफ कसरी दिनुहुन्छ भनेर ध्यानपूर्वक सुन्न भन्नुहोस् । प्रार्थनाको महत्वका बारेमा प्रमाणित गर्ने कुरालाई विचार गर्नुहोस् ।

२. सिद्धान्त र करार प्रार्थनामा मानिसहरूले सोधेका प्रश्नहरूले भरिएको छ । तिनीहरूका प्रश्नको उत्तर (प्रकाश) कहिल्यै अभिलेख नगरिएको भए के हुन्थ्यो ? परिवारलाई आत्मालाई चिन्न र आत्माको प्रभावलाई अनुशरण गर्न सिक्नका लागि प्रोत्साहन गर्नुहोस् । तिनीहरूले प्रार्थना बारेको तिनीहरूको विचार तिनीहरूको दैनिकीमा अभिलेख राख्न चाहन सक्छन् ।

## प्रोत्साहनलाई सुन्नेमारिया इसावेल मोलिनाद्वारा

एक रात मेरी जवान भतिजी घरबाट भागिन्, त्यसैले उनलाई खोज्नका लागि मैले हतार गरैँ । जसै मैले गाडी चलाएँ, मैले मलाई सहयोग गर्नका आत्मा लागि प्रार्थना गरैँ । मलाई थाहा थियो कि परमेश्वरले उत्तर दिनुहुन्छ र मलाई निर्देशित गर्नुहुन्छ अनि मैले आत्माको प्रोत्साहनलाई सुन्ने प्रयास गरैँ । तर जब मैले कुनै कुरा सुन्न सकिन म निराश भएको महसुस गर्न थालेँ र सोचैँ कि आत्माले मलाई प्रोत्साहन गरेन ।
खोजका लागि म अझै अगाडि जान चाहन्थैँ तापनि मैले मेरा भतिजीको घर नजिकै तिर बस्नुपर्छ भन्ने महसुस गरैँ । त्यसैले मैले त्यो क्षेत्र वरिपरि फेरि एक पटक गाडी चलाउने निर्णय गरैँ । जसै म बाटो काटिएको ठाउँमा रोकिएँ मैले जवान केटी हिँडिरहेको आकृति देखेँ । मैले मेरी भतिजी भेटाएँ !
जसै म कारबाट बाहिर आएँ र उनीतर्फ दगुरैँ, म त्यही क्षेत्रमा बस्नुपर्छ भन्ने महसुस गर्न सहयोग गरेर आत्माले मलाई निर्देशित गरिरहेको महसुस गरैँ । मैले शान्त आवाजलाई सुनिरहेको हुनाले मैले आत्माको पोत्साहनलाई बेवास्ता गर्ने लागेको थिएँ । त्यसपछि मैले बुझैँ की धेरै पटक हामीले आवाज सुन्दैनौँ तर हामीले हाम्रो हृदयमा प्रभाव महसुस गर्छौँ । आत्माको निर्देशनका लागि म अति नै कृतज्ञ थिएँ । साँच्चै नै उहाँ त्यहाँ सधै हुनुहुन्छ ! धर्मशास्त्रले बताए जस्तै, "पवित्र आत्मा तपाईंको निरन्तर साथी हुनेछ" (सि र क १२१:४६) ।
यदि हामी आत्माको निर्देशनका लागि योग्य छौँ भने अनि हामीले ध्यान दियौँ भने हामी असङ्ख्य मानिसलाई राम्रो गर्नका लागि परमेश्वरको हातको औजार बन्न सक्छौँ । आत्माको निरन्तर सहयोगले हामी हिँड्नु पर्ने बाटो हामीले थाहा पाउनेछौँ ।
केटाकेटी
एक प्रार्थना साहस
फरक तरिकाहरूमा प्रार्थनाहरूको जवाफ प्राप्त हुन्छ भनेर अध्यक्ष आइरिङ्ले सिकाउनुहुन्छ । तपाईंले ती मध्येका केही तरिकाहरू पत्तालगाउन धर्मशास्त्रहरूमा खोज गर्ने साहस गर्न सक्नुहुन्छ ।
तलका हरेक धर्मशास्त्रलाई हेर्नुहोस् । प्रार्थनाका उत्तरहरूका बारेमा यी धर्मशास्त्रहरूले के बताउँछन् भन्ने उल्लेख गर्न तपाईंको दैनिकीमा केही शब्दहरू लेख्नुहोस् ।
प्रार्थनाहरूको उत्तर प्राप्त गरेका आफ्नै अनुभवहरूलाई पनि तपाई तपाईंको दैनिकीमा समावेश गर्न सक्नुहुन्छ ।

यूहन्ना १४:२६

सिद्धान्त र करार ६:२२-२३

सिद्धान्त र करार ८:२

सिद्धान्त र करार ९:८-९

हितोपदेश ८:१०-११


© 2013 by Intellectual Reserve, Inc. मा सर्वाधिकार सुरक्षित । यू.एस्.एमा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१२ । अनुवाद अनुमोदनः ६/१२ । प्रथम अध्यक्षताको सन्देश, January 2013 को अनुवाद । भाषा Nepali 10661-372

# भेटगर्ने शिक्षिकाको सन्देश जानवरी २०१३

# धर्मप्रचारको कार्य

प्रार्थनापूर्वक यो पाठ्य सामाग्री पढ्नुहोस् र उपयुक्त अवस्थामा, तपाईंले भेट गर्ने दिदीबहिनीहरूसँग यसबारे छलफल गर्नुहोस् । तपाईंका दिदीबहिनीहरूलाई मजबुत बनाउन र रिलिफ सोसाइटीलाई आफ्नो जीबनको एक सक्रीय अंश बनाउन यी प्रश्नहरूको उपयोग गर्नुहोस् । **थप जानकारीका लागि, reliefsociety.lds.org मा हेर्नुहोस् ।**

पछिल्ला दिनका सन्तहरू "(परमप्रभुको) वगानमा मानिसका आत्माहरूको मुक्तिका लागि परिश्रम गर्नका लागि" पठाइएका छन् (सि र क १३८:५६) जसले धर्मप्रचारको कार्यलाई समावेश गर्छ । सुसमाचार बाढ्नका लागि हामीलाई औपचारिक धर्मप्रचारकको बोलावट आवश्यक पर्दैन । हाम्रा वरिपरि हुने अरूहरू जसको जीवन सुसमाचारका कारण आशीषित हुन्छ अनि जसै हामीले आफू स्वयंलाई तयार पार्छौं, परमप्रभुले हामीलाई उपयोग गर्नुहुनेछ । भेट गर्ने शिक्षिकाहरूले तिनीहरूका आत्मिक दायित्वहरूलाई अङ्गाल्न सक्छन् अनि "मानिसको अमरत्व र अनन्त जीवन ल्याउनमा" सहयोग गर्न सक्छन्            (मोसेस १:३९) ।

जब १८४२ मा अगमवक्ता जोसेफ स्मिथले राहत समाजको संगठन गर्नुभयो, उहाँले भन्नुभयो कि महिलाहरू केवल गरीबलाई हेरचाह गर्नका लागि मात्रै नभई आत्माहरू बचाउनका लागि पनि हुन् ।१ अहिले पनि यो हाम्रो उद्देश्य हो "परमप्रभुले ... अरूहरूसँग जसले बाँढ्नेछ तिनीहरूलाई सत्यको एक गवाही दिनुहुनेछ," अध्यक्ष डिटर एफ् उक्डोर्फ, प्रथम अध्यक्षताका दोस्रो सल्लाहकारले भन्नुभयो । "त्यो भन्दापनि धेरै, परमप्रभुले उहाँका चर्चका सदस्यहरूलाई ( तिनीहरूको मुख) सबै समयमा खुल्ला राखून्, खुशीकासाथ (उहाँको)  सुसमाचार बाढून् भन्ने अपेक्षा राख्नुहुन्छ (सि र क २८:१६) । ... कहिलेकाहीँ गवाहीको एक वाक्यांशले कसैको जीवनको अनन्तताका लागि प्रभाव पार्ने घटना तय गर्न सक्छ ।"२

धर्मशास्त्रहरूबाट

सिद्धान्त र करार १:२०-२३;  १८:१५;  १२३:१२

हाम्रो इतिहासबाट

पूर्व चेकोस्लोभाकियाकी ओल्गाको कोभारोभाको कथा हाम्रो राहत समाजको इतिहासबाट सदस्य धर्मप्रचारको कार्यको एक उदाहरण मात्रै हो । १९७० मा ओल्गा एक डाक्टर पढ्ने छात्रा थिईन् र गहिरो धार्मिक जीवनका लागि भोकी थिईन् । तिनले ७५ वर्षका पछिल्ला दिनका एक सन्त ओटाकर भोज्कुभ्कालाई देखिन् । " उहाँ उमेरमा पचहत्तरे वर्षको देखिनुहुन्थ्या तर उहाँको हृदयमा अट्ठार वर्षको नजिक अनि खुशीले पूर्ण " तिनले भनिन् । "यो त्यतिबेलाको निराशाबादको समय रहेको चेकोस्लाभाकियामा अस्वाभाविक थियो ।"

ओल्गाले ओटाकर र उसको परिवारलाई तिनीहरूले कसरी खुशी प्राप्त गरे भनेर सोधी । तिनीहरू उनलाई चर्चका अर्का सदस्यहरूसँग परिचय गराइदिए र एउटा मरमनको पुस्तक दिए । तिनले यो उत्सुकतापूर्वक पढिन र छिट्टै बप्तिस्मा र प्रमाणीकरण पनि लिइन् । त्यो समयदेखि ओल्गा राजनीतिक र धार्मिक उत्पीडनको संसारमा असल कुराका लागि एक प्रभाव बनिन् । उनको सानो शाखामा तिनले राहत समाजको अध्यक्षका रूपमा काम गरिन् र तिनीहरूलाई ख्रीष्टमा ल्याएर अरूहरूको आत्मालाई बचाउनका लागि सहयोग गरिन् ।३

## मैले के गर्न सक्छु ?

१. मैले भेट गर्ने दिदीबहिनीहरूसँग मेरो गवाही बाँढ्दा के मैले पवित्र आत्माको प्रोत्साहनलाई अनुशरण गरेको छु ?

२. मैले हेरचाह गर्ने दिदीबहिनीहरूलाई सुसमाचार सिक्न मैले कसरी सहयोग गरिरहेको छु ?

सूचीहरू


१. *Teachings of Presidents of the Church: Joseph Smith* हेर्नुहोस् (२००७), ४५३

२. Dieter F. Uchtdorf, "Waiting on the Road to Damascus," *Liahona*, मे २०११, ७६-७७

३. *Daughters in My Kingdom: The History and Work of Relief Society* हेर्नुहोस् (२०११), ९२-९५ ।



© 2013 by Intellectual Reserve, Inc. मा सर्वाधिकार सुरक्षित । यू.एस्.एमा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१२ । अनुवाद अनुमोदनः ६/१२ । भेटगर्ने शिक्षिकाको सन्देश, January 2013 को अनुवाद । भाषा Nepali 10661-372